# स्थानीय राजपत्र


**राप्ती गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः७** **संख्याः२** **मितिः२०८०/०३/२८**


## भाग १

## राप्ती गाउँपालिका, दाङ

**सभाबाट स्वीकृत २०८०/०३/०९**

# राप्ती गाउँपालिकाको विनियोजन ऐन, २०८०

प्रस्तावनाः. राप्ती गाउँपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम "राप्ती गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन सभाबाट स्वीकृत भई आर्थिक वर्ष २०८०/२०८१ को साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०८०/२०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०/२०८१ मा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा,वडा कार्यालयले प्रदान गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीयव्यवस्थाको रकम र क्रमागत योजनाको समेत गरी जम्मा रकम रु. ६६,४१,००,०००।— ( छैसट्ठी करोड एक्चालसि लाख मात्र ) मा नबढाई अनुसूची १ मा निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि तपसिलका शीर्षकहरुमा गाउँ कार्यपालिकाको कार्यालयद्धारा तोकिएको मापदण्ड बमोजिम खर्च गर्न बाधा पर्नेछैन तर त्यस्तो खर्चको रकम तत् पश्चात गाउँसभाबाट अनिवार्य रुपमा अनुमोदन गराउनु पर्नेछ।

(क) नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त हुने सामाजिक सुरक्षा वापतको रकम संघीय कानून बमोजिम खर्च गरिनेछ।

(ख) नेपाल सरकार तथा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग वा निकायबाट सशर्तको रुपमा प्राप्त हुन आउने कुनै योजना कार्यक्रम जस्तै राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रमको रकम, तराई मधेस समृद्धि कार्यक्रम तर्फको रकम, समपुरक अनुदानको रुपमा प्राप्त हुन आउने रकम, विशेष अनुदानको रुपमा कोषको रुपमा प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास कोष लगायतको रकमलाई सोही सर्तमा बजेट प्रणलीमा समावेश गरिनेछ।

(ग) प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त कुनै योजना तथा कार्यक्रम, समपुरक अनुदानको रुपमा प्राप्त हुने रकम तथा विशेष अनुदान लगायतका रकमलाई सोही सर्तमा उल्लेखित परिधिभित्र रही खर्च गरिनेर्छ।

(घ) नेपाल सरकार वा अन्य कुनै निकाय, गैरसरकारी संस्था तथा यस गाउँपालिकालाई पटके वा आकस्मिक रुपमा प्राप्त हुन आउने कुनै रकमलाई निकाशा दिने वा उपलब्ध गराउने निकायको निर्दिष्ट उद्देश्य बमोजिम खर्च गरिनेछ।

(ङ) गाउँपालिकाले दफा २ को उपदफा (१) बमोजिम खर्च गर्ने गरी दिएको बजेट अपुग हुने भएमा वा पालिकामा कम स्रोत प्राप्त भएमा पुरक बजेट मार्फत बजेट प्रणालीमा खर्च शीर्षक, योजना तथा कार्यक्रम समावेश गरी खर्च गर्नुपर्नेछ।

(ङ) नेपाल सरकारको सहमति बमोजिम कुनै वैदेशिक निकायबाट प्राप्त हुन आउने रकमलाई सो निकायको उद्देश्य र नेपाल सरकारको सहमती बमोजिम खर्च गरिनेछ।

उपदफा ३. गाउँपालिकालाई नेपाल सरकार, प्रदेश सरकार तथा अन्य कुनै निकायबाट प्राप्त हुने रकमलाई खर्च गर्नु परेमा गाउँसभाबाट उपदफा (१) मा उल्लेख भएको रकममा संशोधन गरी खर्च गर्न सकिनेछ।

३. विनियोजनः(१)यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ मा गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयले प्रदान गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ वमोजिम बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिने छ। यसरी रकम सार्दा एक शीर्षकबाट सोही शीर्षकको उपशीर्षकमा कार्यालयले १० प्रतिशत र कार्यपालिकाले २५

प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गरी खर्च जनाउन सकिनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकको जम्मा रकमको २५ प्रतिशत भन्दा बढी रकम अन्य शीर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन, तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

४. कार्यविधि मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेः गाउँसभावाट स्वीकृत भई स्थापना गरिएका कोषहरुको परिचालन गर्न गाउँ कार्यपालिकाले कार्यविधि,मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

५. बाधा अडकाउ फुकाउनेः यस ऐनको कार्यान्वयनको गर्दा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ।

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषवाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **जम्मा** |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १ | संघिय सरकार | वित्तिय समानीकरण अनुदान | १२९२००००० |
| २ | संघिय सरकार | राजश्व वाडफाँड | ११२१९४००० |
| ३ | संघिय सरकार | सशर्त अनुदान | २३१९००००० |
| ४ | संघीय सरकार | समपुरक | ११०००००० |
| ५ | संघीय सरकार | विशेष अनुदान | १३५००००० |
| | **संघीय सरकार तर्फको जम्मा रकम** | | **४९७७९४०००** |
| ६ | प्रदेश सरकार | वित्तिय समानिकरण अनुदान | ९४८२००० |
| ७ | प्रदेश सरकार | राजश्व वाडँफाँड | ५९०९१२१ |
| ८ | प्रदेश सरकार | सशर्त अनुदान | १४५००००० |
| ९ | प्रदेश सरकार | समपुरक अनुदान | १०००००००० |

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **जम्मा** |
|---|---|---|---|
| १० | प्रदेश सरकार | विशेष अनुदान | ० |
| | **प्रदेश सरकार तर्फको जम्मा रकम** | | ३९८९११२१ |
| ११ | स्थानीय सरकार | आन्तरिक आय अनुमान | ५१७१४८७९ |
| १२ | स्थानीय सरकार | राजश्व बाँडफाँड | २०००००० |
| १३ | स्थानीय सरकार | चालु आ.व.को मौज्दात | ५४७००००० |
| १४ | स्थानीय सरकार | सावा व्याज भुक्तानी | ० |
| १५ | स्थानीय सरकार | लगानी (शेयर÷ऋण) | |
| | **स्थानीय सरकारको जम्मा** | | **१२६४१४८७९** |
| **कुल जम्मा (संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार)** | | | ६६४१००००० |

आज्ञाले,

**नेब बहादुर वली**

प्रमुख प्रशासकीय अधिकृत